# Living the Lotus

4
2021
VOL. 187



*Buddhism in Everyday Life*

***Founder's Reflections***

## "फरक प्रकार" सँगको भेट

काम गर्ने ठाउँमा आफुले चिनेको मान्छेसँग आफुले गर्न सक्ने काम गरिरहदा सजिलो हुन्छ र उत्पादन पनि बढ्छ । तर एस्तो कुरामा खतरा पनि हुन्छ ।

जेन गुरु नान्सेनले "सबैजना फरक प्रकारमा जानु" भन्ने कुरा गरेका छन । फरक प्रकार भन्ने कुरा सुत्र पाठमा पनि धेरै ठाउँम बिभिन्न रुपमा बर्णन गरिएको मान्छेभन्दा फरक प्राणी लाई सन्केत गर्छ । सधै आफु जस्तैसँग मात्र बस्यो भने आफ्नो आनिबानि, मन पर्ने नपर्ने कुरा मात्रै हेर्ने एकतर्फी कार्य हुन जन्छ । एस्तो कुरालाई सच्याउन साहास गरेर अहिलेसम्म नगरेको नयाँ भेट खोज्ने कुरा हुन्छ भन्ने अर्थ लाग्न जाला ।

बानी परेको कुरा मात्र गऱ्यो भने आफ्नो आनिबानी सबै तेसमा झाल्किन्छ । तेस्ले आफ्नो बिकास रोक्छ र आफुलाई सानोमा सिमित राक्छ । आफु भित्र निदाएको सम्भाबनालाई बियुझाउन नयाँ भेट गर्न जरुरी छ । नयाँ काम र स्कुल सुरु हुने यो मौसम नै नयाँ भेट गर्ने बेला हो । "फरक प्रकार" सँगको भेटले  आफुला तनाब दिन सक्ला र गाह्रो पनि होला । तर नयाँ भेटले जरुरु नयाँ खुशी दिने छ । यो कुरा बिश्वास गरेमा सुख आफुतिर नजिकनजिक हुँदै आउने गर्दछ ।

( संस्थापकको निबन्ध १०, ४४-४५ )

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्रय अन्तराष्ट्रय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ । रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्रय अन्तराष्ट्रय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।

Living the Lotus
Vol. 187 (April 2021)

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्रय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु
टोक्यो १६६-८५३७ जापान
फोन:  ८१-३-५३४१-११२४
फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: केइइची आकागावा
सम्पादक: केन्सुके ओसादा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्रय बिभाग कर्मचारी

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो । यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ ।



*President's Message*

# अहिले सँगसँगै बाच्ने

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai

## अभ्यासले बुद्ध बनिन्छ

अब यो अप्रिल ८मा शाक्यमुनी बुद्धको जन्म पुजा आउनेछ । बुद्धग्रन्थ अनुसार शाक्यमुनी जन्मिने बित्तिकै "सारा ब्रमान्ड सर्ब अमुल्य आफु" भनेर घोषणा गरेका थिए भनेर भनिन्छ । यो घोषणा भनेको शाक्यमुनिलाई बर्णन गर्ने एक श्लोक हो र मलाई बुद्धधर्ममा यो भन्दा महत्वपुर्ण कुनै श्लोक अरु कुनै छैन होला जस्तो लाग्छ ।

यो "जन्म श्लोक" लाई एक जनाले "यो संसारमा आफु जस्तो केबल आफु मात्र एक्लो हो" भनेर बिश्लेषण गरेका छन । शाक्यमुनी मात्र होईनकी मानिस जो पनि यो धर्तिमा जन्मिने बित्तिकै अरुभन्दा आफु नै अमुल्य हुन्छ भन्ने कुरा हो । र आफ्नो प्राणको अमुल्यतालाई बुझेर बाच्नु भनेको नै बुद्धधर्मलाई मान्नु हो तेसैले "जन्म श्लोक" भनेको बुद्धधर्मको मुल कुरालाई शाक्यमुनी अमुल्य जन्म भन्ने कथाबाट हामीहरुलाई बुझाउनु खोजिएको छ ।

र बुद्धधर्म भनेको "मान्छेले मान्छेलाई मुक्ती दिने" भन्ने कुरबाट पनि "जन्म श्लोक" को अर्थ गहिरो छ भन्ने कुरा बुझिन्छ ।

तथागतले सत्यको अर्थ बुझेर त्यो उपदेश हामीलाई दिएर हामीले मुक्ती पाएका हौ र मुक्ती पाएका मान्छेले आफु नजिकका दुख पाएकालाई मुक्ती दिलाउने भनेको शाक्यमुनिको बेलादेखी नै मान्छेले मान्छेलाई मुक्ती दिने भन्ने चलनलाई बुद्धधर्मको इतिहास बुझ्दा मान्छे कती माहान छ भन्ने कुरा बुझिन्छ ।

तर एक महत्वपुर्ण कुरा के हो भने शाक्यमुनी "जन्मिदै देवता भएका होईनन कि कर्मले गर्दा देवता भएक हुन" भनिन्छ र मान्छेको अमुल्यता पनि सधै गरिने कर्म र अभ्यासले माझिदै जान्छ भन्ने कुरा हो । जेन गुरु दोगेनले बुद्धत्व प्राप्त गर्नको लागी खाली ध्यान गर्ने होईन कि भक्ती गर्दै देखिने हाउभाउ नै बुद्धत्वको चिन्ह हो भनेर भनेका छन । मतलब बुद्धधर्मको उपदेशलाई हामीले दैनिकिमा प्रयोग गर्दै भक्ती गर्ने कुराले नै बुद्ध हुने हो र एस्ता अभ्यासले मन अझा दयालु हुँदै जाने कुरा बुद्धपथ हो ।

### बशन्तको पवन बनेर

सद्धर्म पुन्डरिकको “बैध्य राजा अध्याय” मा बुद्धको उपदेशलाई बुझेर तेसलाई अभ्यास गर्नुको कती धेरै महत्व हुन्छ भनेर धेरै मानिसलाई भनिएको छ । यो कुरालाई सजिलो रुपमा भन्ने हो भने “पहिला अरु” भनेर आफ्नो स्वर्थि मनलाई पार गरेर मन र तनले अरुप्रती दया देखाएर एसको अभ्यास गरेमा आफुलाई सुख र खुशी मिल्ने छ र साथै अरुलाई मुक्ती दिलाउन सक्ने दिब्यज्योती हुन सकिन्छ ।

यो कुरा बिस्तृतरुपमा “बुद्धपथमा ध्यान गर्ने मानिस भनेको अरुको पुजा गर्ने” हो भनेर भन्नेहरु पनि छन । शान्तिदेव भन्ने भिक्षुअले दया गर्नु भनेको भक्ती गर्नु हो र बुद्धधर्मको कर्म एही हो भनेका छन । यो कुरालाई नाकामुरा गुरुले “धर्मको कुरा बुझ्नाले मात्र केहि अर्थ हुँदैन । हामीले आफ्नो सरिले नै अभ्यास गर्न सक्ने गरी  तेस्तो अश्त्र बनाउनु पर्दछ” भनेर सबैले बुझ्ने गरी भनेका छन ।

उपदेश जान्नु भनेको कामै नलाग्ने कुरा त होईन तर दुख पाएका मान्छेलाई उसलाई चाहिने सहयोग गरेमा मात्र मुक्ती दिलाउन सकिन्छ ।

र एस्तो न्यानो माया र दया पाएर हुने खुशीले आफ्नो र अरुको प्राणको अमुल्यतालाई बुझ्ने मौका बनाएकाहरु पनि पक्कै छन । एक दयाको अभ्यासले मात्रै पनि अर्को वास्तबिक मन आफुले बुझ्ने मौका पनि बन्दछ । एस्तो “दयाको उपाय” नै शाक्यमुनिले हामीलाई अनुरोध गरेको धर्मप्रचारको आधार हो भनेर भन्न सकिन्छ होला । अहिलेको कोरोना माहामारिमा नै एस्तो दयालु मन चाहिन्छ ।

तर तेस्तो गर्न आफु सकेसम्म बिनम्र भएर बाच्न जरुरी छ भनेर अघिन मैले भनेको ईन्डियाको भिक्षुले पनि भनेका छन । यो अर्थमा जस्तोसुकै कुरामा पनि आभारी हुने सरल जिवन यापन गर्ने कुरालाई बिर्सनु हुँदैन ।

र तेसमाथि “म बशन्तको पवन बनेर दुख या कष्ट भोगेकाहरुको कुरा सुनेर सहयोग गर्न पाउ भन्ने सासाकी नोबुत्सुनेले लेखेको कबिता जस्तै अहिले यहाँ  सँगइ बाचेका मानिसहरुको दुखलाई बुझेर बशन्तको मधुर पवन बनेर दयालु मन अरुलाई दिन सक्ने दिन छिटो आओस भनेर कुरिरहेको छु ।

From Kosei, April 2021.



# "understand" को महत्व

सेक्रेटरी प्रमुख
नेमोतो मासाहिरो

*यो प्रवचन २०२० डिसेम्बर ८ म दाइसेइदोमा भएको सेइदोकाइ कार्यक्रममा गरिएको हो ।*

म १९५५ नोवेम्बर २९मा जापानको फुकुशिमाको इवाकी शहरमा नेमोतो परिवारको जेठो छोरा भएर जन्मे । एक बर्ष कान्छी बहिनि, अनि मामाघरको हजुरआमा सँग ५ जनाको परिवार थियो । कोसेइ काइमा आमाको दाइको आग्रहले १९६० आमा इबाराकी मन्दिरको सदस्य भएका हौ ।

बुवाआमा कोसेइ काइको लगनशिल सदस्य हुनुहुन्थ्यो र आमा इबाराकी मन्दिरको युवा बिभागको पहिलो महिला प्रमुख हुनुभयो । र उहाले नोजाकिजी (पूर्व इबाराकी मन्दिर प्रमुख र कोसेइ काइ सन्चालक समिती सदस्य) सँग मिलेर पुजा पनि गर्नु भएको थियो । बुवा पनि तेस्तै लगनशिल हुनुहुन्थ्यो र उहाले बिहान बेलुका सधै सुत्र पाठ गर्ने अनि आफ्नो काम गरी आमाको बिभागको काम अनि मन्दिरको शिक्षक पछी बयस्क बिभाग प्रमुख हुनुभयो । एस्त आमाबुवाले गर्द म कुरा बुझ्ने हुँदा मन्दिरको बाल बिभागको कार्यक्रममा भाग लिएको थिए ।

मेरो ईन्जिनियर बन्ने सपना थियो र बिज्ञान पढे, तर म विद्यार्थी बिभागको प्रमुख भएकोले मलाई पुन्डरिक सुत्र अझै पढ्न मन लाग्यो र नोजाकिजि, आमा र मामाको सिफारिसले म गाकुरिन बिद्यालयमा भर्ना भए ।

गाकुरिनको तेस्रो बर्ष तालिमको लागी अष्ट्रेलियाको सिड्निको न्यू साउथ वेल्स मन्दिरमा ६ महिना बिताए । त्यो बेलामा अङ्ग्रेजी नबुझेर धेरैलाई दुख दिए भनेर त्यो दुखलाई नबिर्शन जापान फर्केपछी अङ्ग्रेजी प्रयोग गरेर बिदेशमा उपदेश फैलाउने काम गर्छु भन्ने कामना गरी अन्तराष्ट्रिय बिभागमा काम गर्न थाले ।

तेसपछी विद्यार्थी बेलामा मन्दिरमा भेटेको मान्छेसँग बिहे गरे । मुख्य अफिसबाट बिश्व स्वतन्त्र धर्म संघको फ्रान्क्फर्ट अफिसमा सरुवा भयो र १९८४मा भएको यो संघको टोक्यो भेलाको प्रबन्ध समेत गरी २बर्ष काम गरे । जापान फर्कनुअघी त्यो बेलामा खडेरी परेर लाखौ मान्छे भोकमरिले मरिरहेका अफ्रकाका केहि देशको सहयोगको लागी जापानका बिभिन्न सँगठनले सहयोग गर्ने भए । म त्यो टोलिको सदस्य भएर पेरिसमा भेटेर सबैभन्दा बढी पिडित भएका ८ वोटा देश ३ हफ्ता लगाएर सहयोग गरेर जापान फर्के ।

यो अफ्रका भ्रमणले मेरो जिन्दगीलाई १८० डिग्री फरक पारी दियो । अहिलेसम्म दिमागमा नभएको "तेस्रो मुलुक" का देशहरु बारे चासो लाग्न थाल्यो । म २९ बर्षको थिए । बिश्वको सच्चाइ देखेर साचो कुरा सिक्न जरुरी छ भन्ने बुझेको बेला थियो त्यो । तेस्पछी शरणार्थी को काममा ध्यान दिन थाले "अफ्रकामा ब्ल्यान्केट बितरण अभियान" मा काम गरेपछी संस्थापकको कृपाले जिनेवाको संयुक्त राष्ट्र संघको शराणार्थी उच्च आयोग (UNHCR) मा ३ बर्ष काम गरेर १९८९ म कोसेइ काइमा फेरी फर्किए ।

जिनेवामा जानुअघी संस्थापकले मलाई केहि सल्लाह दिनु भएको थियो । "संयुक्त राष्ट्र संघमा जापानबाट भाग लिने हुनाले बोधिसत्व बनेर ढुक्क भएर आफ्नो काम गर्नु । मेहेनत गरेर आफु भएको शक्ती सबै प्रयोग



*दाइसेइदोमा प्रवचन गर्दै नेमोतोजि*

गरी भक्ती गरेमा पक्कै अरुले सहयोग गर्ने छन तेसैले ढुक्क भएर काम गरेर आउनु" भनेर हसिलो अनुहारले मलाई बिदा दिनु भएको थियो। त्यो बेलमा संस्थापकबाट पाएको सल्लाह मेरोनिम्ती जिन्दगी भरको खजाना साबित भयो।

राष्ट्र संघ (युएन) मा मैले धेरै कुराहरु सिके। अफिसका अग्रजहरुले शरणार्थिहरलाई "साथी या "परिवार" भनेर सम्बोधन गर्ने गर्थे। कसैले पनि "शरणर्थि" भन्ने शब्द प्रयोग गर्दैनथे। तेसैले म पनि अहिलेसम्म यो शब्द प्रयोग गर्दिन। युएनको अनुभवले गर्दा अरुलाई कसरी बुझ्ने भन्ने कुरा राम्रोसँग सिकेको जस्तो लाग्छ। "अरुलाई बुझ्नु" भनेको अङ्ग्रेजिमा "understand" भनिन्छ यो शब्द भनेको "under" र "stand" २ शब्दहरु मिलेर बनेको छ। र यो शब्दमा मलाई आफु अरुकोअघी सधै तल उभिने भन्ने अर्थ छ कि भन्ने लाग्छ। कोसेइ काइमा पनि "तल बस्ने" भन्ने शब्द छ मतलब अरुको आदर गरेर अरुभन्दा तल बस्न सिक्ने "बिनम्र हुने" कुराको महत्वलाई बुझाएको हो जस्तो लाग्छ।

तेसपछी १३ बर्ष सम्म सोमलिया, युगोस्लाविया र अफगानिस्तानका शरणर्थी सहयोगकोलागी शान्ति कोषबाट गरिएको धेरै कार्यक्रममा काम गरे। म सानो छदा पनि बुवाआमाबाट "तल बस्नु" को महत्वको बारेमा धेरै चोटी सुनेको थिए र यो कुरा मैले बिश्वमा काम गरेर अनुभव गरे भन्ने लाग्दछ। "तल बसेर अरुको पुजन गर्ने" त्यो नै मानिस हुनुको महत्व र आधरभुत बाच्ने तरिका हो। यस्तो अभ्यास गर्न गाह्रो नै छ तर मैले कोसिस जारी राखेको छु।

१९९७मा म अध्यक्षसँग भर्खरै द्वन्द सक्किएको बाज्निया हार्जगोविनामा भएक धर्मा गुरुहरुलाई भेट्न गएको कुरा जिन्दगीभर बिर्सिन सक्दिन।

बज्नियाको चार ठुला धर्मका गुरुहरुसँग भेट गरेका थियौ र भेट भएको ४, ५ मिनट पछी उनिहरुले मन शान्त भएर होला द्वन्दको पिडाको बारेमा आखाबाट आसु झार्दै बताउन थाले। अध्यक्षले ध्यान दिएर आफ्नो तन मन दुबैबाट उनिहरुको कुरालाई सुन्नु भएको थियो। तेही भएर होला उनिहरुले शान्त भएर सबै कुरा खोल्न सकेका हुन जस्तो लाग्छ।

तेस्को अर्को बर्ष अध्यक्षले लेख्नु भएको "मनलाई उब्जालु बनाउने" भन्ने किताब प्रकाषित भयो र त्यो किताबमा "सुन्ने" भनेको आफुलाई रित्ताउने कुरा हो भन्ने कुरा लेखिएको थियो। "मैले त्यो बेलामा सारिएभोमा देखेको अध्यक्षले पनि तेस्तै गरी सुन्नुभएको थियो। तेही भएर ४जना धर्म गुरुको कुरा सुनेपछी उहहरुलाई जापान बोलाउनुभयो र उहाहरुले त्यो निमन्त्रणा स्विकार गर्नुभएको हो" भन्ने ठाने र यो देखेर मेरो सरिर कम्पित भएको थियो।

१९९८ मार्च ५मा संस्थाको ६०औ संस्थापन दिवसमा दाइसिएदोमा संस्थापक, अध्यक्ष र कोसोजी अनि बज्नियाबाट आएका ४ धर्मगुरुहरु सहित बिश्वका ५०जना धर्मगुरुहरु एकै ठाउँमा बसेर कार्यक्रम गरिएको थियो।

म २००२ देखी २०१० सम्म चुचिउरा मन्दिरको मन्दिर प्रमुख भए र रेबरेन्ड भएर काम गर्नुअघी अध्यक्षले "मन्दिर प्रमुख भनेको सदस्यहरुको बोधिसत्वलाई पुज्ने काम हो" भन्ने सल्लाह दिनु भएको थियो। त्यो मन्दिरको ५०औ दिवस, कोबे मन्दिरको ६०औ दिबस्, आणविक हातीयार अन्त्य गर्ने अभियान "आर्म्स डाउन" जस्ता सदस्यहरुसँगका भएर तेदोरी या मिचिबिकी कार्यक्रम गरेको अहिलेसम्म पनि समझना छ। म भन्दा अघिको मन्दिर प्रमुखजिले "उपदेश प्रचार भनेको आदानप्रदान" "दुख भनेको आफ्नो बुद्धत्व बुझ्ने खजानाको खानि" भन्ने जस्ता धेरै कुरहरु सिके र साथै सदस्यहरुबाट पनि थुप्रै कुराहरु सिके। धेरै धन्यवाद छ।

गर्न नसकेका कुराहरु पनि थुप्रै थिए र सदस्यलाई दुख पर्ने गएको कुराहरु प्रती क्षमा चाहन्छु।

टोक्योको मुख्य अफिसमा फर्केपछी धर्म-धर्मबिचको सहयोग, राजनीतिक शान्ति, शान्ति कोष जस्ता कामहरु गरे र अहिले सेक्रेटेरी र एसियाको धर्मगुरु को सम्मेलन (ACRP) अफिस प्रमुख भएर काम गरी रहेको छु। यो १० बर्ष जती अध्यक्षले गर्ने बिदेशी काम अहिले उहाकी छोरी कोसोजिले गर्नु हुन्छ र उहाले यो काम बढो जागरकासाथ देश-बिदेशको धर्म-संबाद, सहयोग र शान्तिका कामहरु गर्दै आउनु भएको छ।

मैले बिदेश गएर पढेको पनि होईन र अङ्ग्रेजी भाषा राम्रोसँग पढेको पनि होईन। अङ्ग्रेजी प्रयोग गरेर काम गरेको ७ बर्ष जती भयो तर कहिले जर्मनी कहिने युएन र धेरै देशका मानिस हरुसँग बिभिन्न भाकाका अङ्ग्रेजिमा काम गरेको ले "साचो अङ्ग्रेजि" बुझ्ने मौका पाएको चाही छैन। र मेरो जापानि बोली पनि आफु जन्मेको ठाउको भाकाको छ। आफ्नो ठाउको बोलिमा मलाई गर्ब छ तेसैले सच्याने काम गरिन। यो सहन पर्ने कुरा पनि हो। तेही भएर मेरो अङ्ग्रेजी पनि पक्का जापानि अङ्ग्रेजी हो।

धेरै अघी संस्थापकलाई अङ्ग्रेजी उल्था गर्ने सेक्रेटेरी प्रमुख नेजुजिले मलाई "नेमोतो हाम्रो मात्री भाषा अङ्ग्रेजी होईन तेही भएर सुद्ध अङ्ग्रेजी होईन कि बुझ्न र बुझाउन सक्ने अङ्ग्रेजी बोले पुग्छ । बुझ्नु महत्व हो" भनेर सिकौनु भएको थियो र अहिले त्यो कुरालाई मनन गरेर काम गर्ने गरेको छु । तेसैले अध्यक्ष या कोसोजिलाई केहि दुख दिएको पनि छु होला । युवाहरुसँग उच्चराण सिकेर अझै अङ्ग्रेजी सिक्दै जानेछु ।

यो १० बर्ष कोसोजि सँगइ धेरै कुरा सिक्दै जादा मेरोनिम्ती धेरै महत्वपूर्ण कुरा सिकेको छु । यि केहि कुराहरु यहाँ राख्न चाहन्छु ।

- दैनिकिमा साधरण कुरामा पनि आभारी हुने
- सबैभन्दा दुर्बल र आवाज नहुनेमान्छे सँगइ जिउने
- सुरक्षित ठाउ होईन कि समस्या भएको ठाउमा जाने
- हामी सबैको मिसन र आफ्नो मिसन दुबैलाई महत्व दिने
- खतरा नहुने बोधिसत्व कार्य हुँदैन
- समस्या आएको बेलामा अर्को एक समस्या थप्ने

"सेइदो काइ" मतलब शाक्यमुनिले बुद्धत्व प्राप्त गरी भुत्, बर्तमन अनि भबिस्यका मान्छे अनि यो संसारलाई मुक्ती दिलाएको कुरालाई लिएर उत्सब गर्ने यो शुभदिन को सबैलाई शुभकामना छ । मलाई यहाँसम्म डोराएर लिएर आउन भएको संस्थापक, अध्यक्ष अनि कोसोजि, आमाबुवा, परिवार, नातेदार, साथिहरु, सहकर्मी अनि सबै सदस्यप्रती आभारी ब्यक्त गर्छु र एसको प्रतिफल दिनेछु भन्ने प्रण गर्दै अझै बोधिसत्व कार्य गर्दै जानेछु ।

जेठो छोरो म टोक्यो अफिसमा काम गरेकोले मेरो बहिनी र ज्वाइले मेरा आमाबुवा जो अहिले ९३ र ९२ बर्ष हुनुभयो उहाहरुको हेरचार गरी रहेका छन । आमालाई बिर्सने रोग लागेकोले नर्सिङ होममा राखिएको छ । बुवा हफ्तामा केहि दिन बस्ने गरी त्यहाँ जानुहुन्छ र अरु बेलामा बहिनी ज्वाइको घरमा बस्नु हुन्छ । गयेको महिना म रिटाएर भए र अब आमाबुवाको सेवा गर्छु भनेको तर बहिनी र ज्वाइले "यहाँको पिर गर्नु पर्दैन तेही बसेर अझै भक्ती गर्दै काम गर्दै जानु" भनेर भनेकाले अझै यो भन्दा बढी भक्ती गर्दै जानेछु ।

सबैजना धन्यवाद ।

कोरोना माहामारी चले पनि बसन्त छिट्टै

यो महिना शाक्यमुनिको जन्म महिना हो र अध्यक्षले "जन्म श्लोक" को बारेमा  हामीले दिइएको प्राण सबैभन्दा अमुल्य हो र एस्तो अमुल्य जिवनलाई कसरी जिउनु भनेको नै बुद्ध पथमा हिंड्नु हो भनेर बुझ्न सकने गरी सजिलोसँग ब्याखा गर्नुभयो ।

"बुद्धधर्मको गुदि" लाई बुझेर शाक्यमुनिको उपदेश "मुक्ती पाउने र मुक्ती दिलाउने" पथमा बाच्न सके बुद्ध धर्मालुको निम्ती यो भन्दा खुशीको कुरा केहि हुने छैन । "बुद्धको उपदेशलाई अभ्यास गर्दै भक्ति" मतलब "हामीहरु नै बुद्ध हौ भन्ने प्रमाण"भन्ने कुरा चाही मैले सोच्न सकेको थिइन ।

"राम्रो कार्य लाई मनलगाएर दोहोराउने""भक्ति, भक्ती अनि भक्ती । रमाइलो नलागेसम्म भक्ती । पुनर्जन्मपछी पनि भक्ति" भनेर सर्बसाधारण बुद्ध धर्म मन्नेलाई सिकाइन्छ । यहाँ भनिएको भक्ती "बोधिसत्व कार्य" हो र आफुलाई भने पनि अरुलाई भने पनि "अर्काको लाभ आफ्नो लाभ" भन्ने दयाको उपायलाई अभ्यास गर्नु बाहेक अरु कुरा होईन ।

यो जाडो मौसममा कोरोनको  माहामारी चलिरहे पनि कुनै बेला न्यनो पवन लिइएर बसन्त आउनेछ र संसारभरिका मानिसको मनमा शान्ति आभारिपन प्रस्फुटन गराउने दिन धेरै टाढा छैन भन्ने बिश्वास गरेको छु । गाश्शो!



*प्रथम अफ्रीकामा ब्लायांकेट वितरण अभियान*

# The Threefold Lotus Sutra
## An Outline and Key Points for Each Chapter

Rev. Nikkyo Niwano

## सद्धर्म पुण्डरिक सुत्र
## २५औ अध्याय अबलोकितेश्वोर बोधिसत्वको फराकिलो द्वार



यो अध्यायमा अक्षय बोधिसत्वले शाक्यमुनिलाई “अबलोकितेश्वोर बोधिसत्वलाई किन अबलोकितेश्वोर भन्ने नाम दिइएको हो ?” भन्ने प्रश्नको बिस्तृत उत्तर दिइएको छ ।

### सद्धर्मले मुक्ती र दयाद्वारा मुक्ति

यो अध्यायको महत्वपुर्ण कुरा भनेको अबलोकितेश्वोर बोधिसत्व (परशक्ती द्वारा मुक्ति) बाट मुक्ती मागेको जस्तो देखिन्छ तर तेस्तो होईन किन वास्तबका “साचो बुद्धि" को स्वरुप हो । साचो बुद्दी भने पनि “हुने कुरा सबै अस्थाइ या रित्तो भन्ने होईन कि सर्बकोणबाट बुझेर आउने बुद्धि” मतलब“मध्य बुद्धि” हो । यो कुरा मानवमा लागु गर्दा समनता भागय र असमनता भाग्यलाई बिचार गरेर जस्तो सुकै मान्छेमा पनि यो लागु हुन्छ “स्वतन्त्र बुद्धि” हो । सद्धार्म पुन्डरिक सुत्रको धर्मता भनेको एही हो ।

अबलोकितेश्वोर बोधिसत्वमा एस्तो धर्मको बुद्धी थियो र अरुकोसट्टा आफुले दुख बोक्छु भन्ने दयालु मन भएका बोधिसत्व थिए ।

हामीले सबैले साचो मुक्ती पाउन सद्धर्म पुन्डरिक सुत्र बुझी तेस्लाई मनन गरेर यो धर्म अनुसार चल्नु पर्दछ । र र हामीहरु साची नै अरुलाई मुक्ती दिलाउन चाहन्छौ भने स्वर्थले भरिपुर्ण मनलाई फालेर दयालु मनको आधारमा ति मनिसहरुलाई सद्धर्म पुन्डरिक सुत्रको उपदेश दिलाउने बाहेक अरु कुनै उपाय छैन । यो अध्यायमा अबलोकितेश्वोर बोधिसत्वलाई पुजेमा ७ अनर्थबाट बच्न सकिन्छ भन्ने कुरा बिस्तृत बर्णन गरिएको छ र त्यो सबैमा माथि भनिएका कुराहरु गरिएको छ ।

तर तेसो भने पनि परापूर्व कालका मानिसहरुले एस्तो सार कुराहरुलाई अलि बुझ्न नसक्ने भएकोले अबलोकितेश्वोर भनिने माहान अन्तर्दृष्टी (यो संसारको आवाज देख्ने=यो संसारको सर्ब कुरा थाह पाउने र मनिलाई के चाहिएको छ थाहा पाउने) भएका ३३ रुप धारण गर्न सक्ने धेरै दयालु मन भएका जसले अरुको दुखलाई पार गराउन सक्ने धेरै सुन्दर रुप भएका बोधिसत्वको रुप चिन्त्रण गरेर अरुको ध्यान खिच्दै उपदेश दिइएको हो भन्न सकिन्छ ।



## अबलोकितेश्वोर बन्नु छ

तेही भएर अहिलेका हामीहरुले अबलोकितेश्वोर भनिने ति माहान ब्यक्तिको ब्यक्तित्व मनमा कल्पिदै "तेस्तो हुन पाए हुने" भन्ने आदर्शको रुपमा लिनु पर्दछ। एस्तो आदर्श गर्ने मन भएमा जस्तो सुकै दुखबाट पनि पक्कै पार हुन सकिन्छ। र तेस्तो हुने चाहना भएमा अरुको दुख देख्दा मद्दतको हात नबढै बस्न सकिन्न।

## फराकिलो द्वार प्रदर्शन

यो "अबलोकितेश्वोर बन्न चाहन्छु" भन्ने चाहना नै "फरकिलो द्वार प्रदर्शन" भन्ने कुराको मुल तत्व भन्दा फरक पर्दैन।

"फराकिलो द्वार प्रदर्शन" को "फराकिलो" भनेको जस्तो सुकै, जो पनि, जे पनि भित्र छिर्न मिल्ने भन्ने कुरा हो र "द्वार" भनेको त ढोका नै हो तर यहाँ "घर" भन्ने अर्थ पनि लाग्छ। द्वार भन्दा कुनै कुरालाई छुट्टाउदा पनि प्रयोग हुन्छ। तेसै भएर "फराकिलो द्वार" भनेको "फराकिलो साझा घर" भन्ने अर्थ लाग्छ र " मानिसको सर्ब समस्याको कोठा" भन्ने अर्थ पनि लाग्छ। र सर्ब अर्थलाई समेट्ने हो भने यो संसारको सर्ब समस्या सर्ब ठाउँमा स्वतन्त्र रुपम" भन्ने अर्थ लाग्छ।

मतलब (फराकिलो द्वार प्रदर्शन" भनेको अबलोकितेश्वोर बोधिसत्वले यो संसारको सर्ब ठाउँको सर्ब समस्या सर्ब बेलामा तेसलाई मिल्ने गरी स्वतन्त्र रुपमा रुप धारण गरेर अरुलाई मुक्ती दिलाउछन भन्ने अर्थ हो।



एस्तो अबलोकितेश्वोर बन्छु भन्ने कामना गर्नु भनेको घरमा, अफिसमा, समाजमा, देशमा र यो संसारमा तेस्को प्रकृती अनुसार मिल्ने गरी अरुको दुख र पिडालाई बुझेर चाहिएको सहयोग गर्ने कामना नै हो। एस्तो कार्य गर्नु नै अबलोकितेश्वोरको "बृहत दयाले अरुको कष्टलाई आफुले लिने" र दयालु मन हो।

एस्तो "कष्ट लिने" कार्य जस्तो सुकै ठाउमा जतिसुकै सानो कार्य भए पनि गरे हुन्छ र यो कार्य धेरैले अभ्यास गरेमा हाम्रो घर, समाज, देश र अनि संसारमा शान्ति फैलिने कुरा पनि सपनमा सिमित हुँदैन। एस्तो कुराले गर्दा नै "फराकिलो द्वार प्रदर्शन" भनेको यो अध्यायको सबैभन्दा मुख्य सार हो।

## पुण्य र शक्ती पनि सद्धर्म अभ्यास गरेर मात्रै

र यो अध्यायमा नबुझी नहुने कुरा भनेको अबलोकितेश्वोरको माहान पुण्य र शक्ती देखेर धेरै प्रभाबित भएका अक्षय बोधिसत्वले आफ्नो घाटिको हार अर्पण गर्न खोज्दा अबलोकितेश्वोरले हारको आधी शाक्यमुनी लाई र आधी गजुरमा सजाएका थिए भन्ने कुरा हो। मतलब अबलोकितेश्वोरको माहान पुण्य र शक्ती भनेको सत्य र पुन्डरिक सुत्र (गजुर) को उपदेश दिइएका शाक्यमुनिले गर्दै नै हो भन्ने अर्थ लाग्छ। यो कुराले पनि खाली "अबलोकित्तेश्वोरलाई पुजेमा मुक्ती मिल्छ" भन्ने कुरा गलत हो भन्ने कुरा प्रष्ट हुन्छ।

# सद्धर्म पुण्डरिक सुत्र
# २६औ अध्याय धारणी



यो अध्यायमा सद्धर्म पुन्डरिक सुत्रमा अहिलेसम्म पाएको उपदेशले प्रभाबित भएका मानिसहरुले "जसरि पनि म यो उपदेशको रक्षा गर्नेछु" भन्ने दृढ अठोट लिएर रक्षा गर्नको लागी देव मन्त्र पाएको कुरा गरिएको छ र हरेक अनुसुची सन्स्कृत भाषाको शब्द धारणी (सर्ब नकारात्मक कुरालाई रोकेर सर्ब सकारात्मक कुरा दिन सक्ने दैबिक शक्ती भएको शब्द) ले भरिपुर्ण छ।

यो धारणी भनेको दैबिक नाम (या तेस्तो खालको नाम) को गणना हो र देवतालाई बोलाउने नाम भएकोले "देवतालाई प्रकट पार्ने आवाज" हो भन्न सकिन्छ।

## उल्था नगरिएका ५ चिजहरु

यो अध्यायमा सन्स्कृतका धेरै सब्दहरु पाईन्छ। चिनी भाषामा किन उल्था नगरिएको हो भन्दा, कुमारजिवा जस्ता शब्दहरु जुन बुद्धधर्मको शब्दकोश लेखेका लेखकहरुले कुनै शब्दहरु सन्स्कृतमा नै लेख्नु बेश भनेर निर्णय गरेकाले हो। तेसैले अर्थ मिल्ने उच्चारण मिल्ने गरी चिनी अक्षरमा राखेका हुन। एस्लाई "उल्था नगरिएका ५ चिजहरु" भनिन्छ :

- भारतको जनावर र लोक नाम।
- एकै शब्दको धेरै अर्थ लाग्ने शब्दलाई भ्रम नपरोस भनेर उल्था नगरिएको शब्दहरु।
- दैबिक कुरा। एस्ता रहस्यमय चिजलाई उल्था गर्‍यो भने तेस्को भित्र भएको अर्थ मेटिने या अर्थअ फिक्का हुने शब्दहरु।
- पहिलादेखी चलिआएको चल्तिका शब्दहरु।
- उल्था गरेमा तेस्को अर्थ अनर्थ हुने शब्दहरु।

एस्ता ५ किसिमका शब्दहरुलाई "उल्था नगरिएको ५ चिजहरु" भनिन्छ।

This is Nepali translation of text originally appeared in Japanese in *Hokke sanbu kyo: Kaku hon no aramashi to yoten*, (Kosei Publishing, 1991 [revised edition, 2016], pp.P208—215)



# Director’s Column

## कोरोना माहामारी चले पनि बसन्त छिट्टै

Rev. Keiichi Akagawa
Director, Rissho Kosei-kai International

यो महिना शाक्यमुनिको जन्म महिना हो र अध्यक्षले “जन्म श्लोक” को बारेमा  हामीले दिइएको प्राण सबैभन्दा अमुल्य हो र एस्तो अमुल्य जिवनलाई कसरी जिउनु भनेको नै बुद्ध पथमा हिंड्नु हो भनेर बुझ्न सकने गरी सजिलोसँग ब्याखा गर्नुभयो ।

“बुद्धधर्मको गुदि” लाई बुझेर शाक्यमुनिको उपदेश “मुक्ती पाउने र मुक्ती दिलाउने” पथमा बाच्न सके बुद्ध धर्मालुको निम्ती यो भन्दा खुशीको कुरा केहि हुने छैन । “बुद्धको उपदेशलाई अभ्यास गर्दै भक्ति” मतलब “हामीहरु नै बुद्ध हौ भन्ने प्रमाण”भन्ने कुरा चाही मैले सोच्न सकेको थिइन ।

“राम्रो कार्य लाई मनलगाएर दोहोराउने””भक्ति, भक्ती अनि भक्ती । रमाइलो नलागेसम्म भक्ती । पुनर्जन्मपछी पनि भक्ति” भनेर सर्बसाधारण बुद्ध धर्म मन्नेलाई सिकाइन्छ । यहाँ भनिएको भक्ती “बोधिसत्व कार्य” हो र आफुलाई भने पनि अरुलाई भने पनि “अर्काको लाभ आफ्नो लाभ” भन्ने दयाको उपायलाई अभ्यास गर्नु बाहेक अरु कुरा होईन ।

यो जाडो मौसममा कोरोनको  माहामारी चलिरहे पनि कुनै बेला न्यनो पवन लिइएर बसन्त आउनेछ र संसारभरिका मानिसको मनमा शान्ति आभारिपन प्रस्फुटन गराउने दिन धेरै टाढा छैन भन्ने बिश्वास गरेको छु । गाश्शो!



# Rissho Kosei-kai: A Global Buddhist Movement




**Rissho Kosei-kai Buddhist Church of Hawaii**
2280 Auhuhu Street, Pearl City, HI 96782, USA
TEL: 1-808-455-3212 FAX: 1-808-455-4633
Email: sangha@rkhawaii.org URL: http://www.rkhawaii.org

**Rissho Kosei-kai Maui Dharma Center**
1809 Nani Street, Wailuku, HI 96793, USA
TEL: 1-808-242-6175 FAX: 1-808-244-4625

**Rissho Kosei-kai Kona Dharma Center**
73-4592 Mamalahoa Highway, Kailua-Kona, HI 96740, USA
TEL: 1-808-325-0015 FAX: 1-808-333-5537

**Rissho Kosei-kai Buddhist Center of Los Angeles**
2707 East First Street, Los Angeles, CA 90033, USA
POBox 33636, CA 90033, USA
TEL: 1-323-269-4741 FAX: 1-323-269-4567
Email: rk-la@sbcglobal.net URL: http://www.rkina.org/losangeles.html

Please contact Rissho Kosei-kai Buddhist Center of Los Angeles
**Rissho Kosei-kai Buddhist Center of Arizona**
**Rissho Kosei-kai Buddhist Center of Colorado**
**Rissho Kosei-kai Buddhist Center of San Diego**
**Rissho Kosei-kai Buddhist Center of Las Vegas**
**Rissho Kosei-kai Buddhist Center of Dallas**

**Rissho Kosei-kai of San Francisco**
1031 Valencia Way, Pacifica, CA 94044, USA
POBox 778, Pacifica, CA 94044, USA
TEL: 1-650-359-6951 Email: info@rksf.org

Please contact Rissho Kosei-kai of San Francisco
**Rissho Kosei-kai of Sacramento**
**Rissho Kosei-kai of San Jose**

**Rissho Kosei-kai of New York**
320 East 39th Street, New York, NY 10016, USA
TEL: 1-212-867-5677 Email: rkny39@gmail.com URL: http://rk-ny.org

**Rissho Kosei-kai of Chicago**
1 West Euclid Ave., Mt. Prospect, IL 60056, USA
TEL: 1-773-842-5654
Email: murakami4838@aol.com URL: http://rkchi.org

**Rissho Kosei-kai of Fort Myers**
URL: http://www.rkftmyersbuddhism.org

**Rissho Kosei-kai Dharma Center of Oklahoma**
2745 N.W. 40th St., Oklahoma City, OK 73112, USA
POBox 57138, Oklahoma City, OK 73157, USA
TEL: 1-405-943-5030 FAX: 1-405-943-5303
Email: rkokdc@gmail.com URL: http://www.rkok-dharmacenter.org

**Rissho Kosei-kai Dharma Center of Denver**
1255 Galapago St. #809 Denver, CO 80204, USA
TEL: 1-303-446-0792

**Rissho Kosei-kai Dharma Center of Dayton**
617 Kling Drive, Dayton, OH 45419, USA
URL: http://www.rkina-dayton.com

**The Buddhist Center Rissho Kosei-kai International of North America (RKINA)**
2707 East First St., Suite #1, Los Angeles, CA 90033, USA
TEL: 1-323-262-4430 FAX: 1-323-269-4567
Email: dharmasa@rksabuddhistcenter.org
URL: http://rksabuddhistcenter.org

**Rissho Kosei-kai Buddhist Center of San Antonio**
(Address) 6083 Babcock Road, San Antonio, TX 78240, USA
(Mail) POBox 692148, San Antonio, TX 78249, USA
TEL: 1-210-558-4430 FAX: 1-210-696-7745
Email: dharmasanantonio@gmail.com
URL: http://www.rkina.org/sanantonio.html

**Rissho Kosei-kai of Seattle's Buddhist Learning Center**
28621 Pacific Highway South, Federal Way, WA 98003, USA
TEL: 1-253-945-0024 Email: rkseattlewashington@gmail.com
URL: http://buddhistlearningcenter.org

**Rissho Kosei-kai of Vancouver**
Please contact RKINA

**Risho Kossei-kai do Brasil**
Rua Dr. José Estefno 40, Vila Mariana, São Paulo-SP, CEP 04116-060, Brasil
TEL: 55-11-5549-4446, 55-11-5573-8377
Email: risho@rkk.org.br URL: http://www.rkk.org.br

**Risho Kossei-kai de Mogi das Cruzes**
Av. Ipiranga 1575-Ap 1, Mogi das Cruzes-SP, CEP 08730-000, Brasil

**在家佛教韓国立正佼成会**
〒 04420 大韓民国 SEOUL 特別市龍山區漢南大路 8 路 6-3
6-3, 8 gil Hannamdaero Yongsan gu, Seoul, 04420, Republic of Korea
TEL: 82-2-796-5571 FAX: 82-2-796-1696

**在家佛教韓国立正佼成会釜山支部**
〒 48460 大韓民国釜山廣域市南區水營路 174, 3F
3F, 174 Suyoung ro, Nam gu, Busan, 48460, Republic of Korea
TEL: 82-51-643-5571 FAX: 82-51-643-5572

**社團法人在家佛教立正佼成會**
台湾台北市中正區衡陽路 10 號富群資訊大厦 4 樓
4F, No. 10, Hengyang Road, Jhongjheng District, Taipei City 100, Taiwan
TEL: 886-2-2381-1632, 886-2-2381-1633 FAX: 886-2-2331-3433

**台南市在家佛教立正佼成會**
台湾台南市東区崇明 23 街 45 號
No. 45, Chongming 23rd Street, East District, Tainan City 701, Taiwan
TEL: 886-6-289-1478 FAX: 886-6-289-1488
Email: koseikaitainan@gmail.com

**Rissho Kosei-kai South Asia Division**
Thai Rissho Friendship Foundation
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang, Bangkok 10310, Thailand
TEL: 66-2-716-8141 FAX: 66-2-716-8218

**Rissho Kosei-kai of Kathmandu**
Ward No. 3, Jhamsikhel, Sanepa-1, Lalitpur, Kathmandu, Nepal

**Rissho Kosei-kai of Kolkata**
E-243 B. P. Township, P. O. Panchasayar, Kolkata 700094, India

**Rissho Kosei-kai of Kolkata North**
AE/D/12 Arjunpur East, Teghoria, Kolkata 700059,
West Bengal, India

**Rissho Kosei-kai of Bodhgaya Dharma Center**
Ambedkar Nagar, West Police Line Road, Rumpur, Gaya-823001,
Bihar, India

**Rissho Kosei-kai of Patna Dharma Center**
Please contact Rissho Kosei-kai of Kolkata

**Rissho Kosei-kai of Central Delhi**
77 Basement D.D.A. Site No. 1, New Rajinder Nagar,
New Delhi 110060, India

**Rissho Kosei-kai of Singapore**
Please contact Rissho Kosei-kai International

**Rissho Kosei-kai of Phnom Penh**
W.C. 73, Toul Sampaov Village, Sangkat Toul Sangke, Khan Reouseykeo,
Phnom Penh, Cambodia

**RKISA Rissho Kosei-kai International of South Asia**
Thai Rissho Friendship Foundation
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang, Bangkok 10310, Thailand
TEL: 66-2-716-8141 FAX: 66-2-716-8218

**Rissho Kosei-kai of Bangkok**
Thai Rissho Friendship Foundation
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang, Bangkok 10310, Thailand
TEL: 66-2-716-8216 FAX: 66-2-716-8218 Email: info.thairissho@gmail.com

**Rissho Kosei Dhamma Foundation**
No. 628-A, Station Road, Hunupitiya, Wattala, Sri Lanka
TEL: 94-11-2982406 FAX: 94-11-2982405

**Rissho Kosei-kai of Polonnaruwa**
Please contact Rissho Kosei Dhamma Foundation

**Rissho Kosei-kai Bangladesh**
85/A Chanmari Road, Lalkhan Bazar, Chittagong, Bangladesh
TEL: 880-2-41360470

**Rissho Kosei-kai Mayani**
Mayani Barua Para, Mirsarai, Chittagong, Bangladesh

**Rissho Kosei-kai Damdama**
Damdama Barua Para, Mirsarai, Chittagong, Bangladesh

**Rissho Kosei-kai Satbaria**
Village: Satbaria Bepari Para, Chandanaih, Chittagong, Bangladesh

**Rissho Kosei-kai Chendhirpuni**
Village: Chendhirpuni, P.O.: Adhunogar, P.S.: Lohagara, Chittagong,
Bangladesh

**Rissho Kosei-kai Raozan**
Dakkhin Para, Ramzan Ali Hat, Raozan, Chittagong, Bangladesh

**Rissho Kosei-kai Laksham**
Village: Dhupchor, Laksham, Comilla, Bangladesh

**Rissho Kosei-kai Dhaka**
408/8 DOSH, Road No 7 (West), Baridhara, Dhaka, Bangladesh

**Rissho Kosei-kai Cox's Bazar**
Ume Burmize Market, Tekpara, Sadar, Cox's Bazar, Bangladesh

Please contact Rissho Kosei-kai Bangladesh
**Rissho Kosei-kai Patiya**
**Rissho Kosei-kai Ramu**
**Rissho Kosei-kai Aburkhiln**

**Buddiyskiy khram "Lotos"**
4 Gruzinski Alley, Yuzhno-Sakhalinsk 693005, Russia
TEL: 7-4242-77-05-14

**Rissho Kosei-kai of Hong Kong**
Flat D, 5/F, Kiu Hing Mansion, 14 King's Road, North Point, Hong Kong, China

**Rissho Kosei-kai Friends in Shanghai**

**Rissho Kosei-kai of Ulaanbaatar**
(Address) 15F Express Tower, Peace avenue, khoroo-1, Chingeltei district,
Ulaanbaatar 15160, Mongolia
(Mail) POBox 1364, Ulaanbaatar-15160, Mongolia
TEL: 976-70006960 Email: rkkmongolia@yahoo.co.jp

**Rissho Kosei-kai of Erdenet**
Please contact Rissho Kosei-kai International

**Rissho Kosei-kai di Roma**
Via Torino, 29, 00184 Roma, Italia
TEL/FAX: 39-06-48913949 Email: roma@rk-euro.org

Please contact Rissho Kosei-kai di Rome
**Rissho Kosei-kai of Paris**
**Rissho Kosei-kai of Venezia**

**Rissho Kosei-kai of the UK**
29 Ashbourne Road, London W5 3ED, UK
TEL: 44-20-8933-3247 Email: info@rkuk.org URL: https://www.rkuk.org
Facebook: https://www.facebook.com/rkuk.official
Twitter: https://twitter.com/rkuk_official
Instagram: https://www.instagram.com/rkuk_official

**Rissho Kosei-kai International Buddhist Congregation (IBC )**
166-8537 東京都杉並区和田 2-7-1 普門メディアセンター 3F
Fumon Media Center 3F, 2-7-1 Wada, Suginami-ku, Tokyo 166-8537, Japan
TEL: 03-5341-1230 FAX: 03-5341-1224 URL: http://www.ibc-rk.org

**Published by Rissho Kosei-kai International**